धनगढी उपमहानगरपालिका

DHANGADHI SUBMETROPOLITAN CITY

नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.स. रा. ०८३।०८४

च.नं.

मितिः २०८३/०६/०२

विषयः स्वीकृत वातावरणीय अध्ययन विना नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्री वितरण नगर्ने/नगराउने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत **"ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७"** अनुसार साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, माटो आदि) को उत्खनन्, सङ्कलन, ओसारपसार तथा बिक्री वितरण सम्बन्धी कार्यलाई कानूनी र वातावरणमैत्री बनाउन मापदण्डको दफा ४ को उपदफा (१) को खण्ड (ख) तथा दफा १३ अनुसार प्रचलित कानून (वातावरण संरक्षण ऐन, २०७६) बमोजिम अधिकार प्राप्त निकायबाट स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन) विना कुनै पनि नदी, खोला, बगर वा खानी क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरण गर्न पाइने छैन भनि उल्लेख गरेकोमा हाल धनगढी उपमहानगरपालिका भएर बग्ने खुटिया, शिवगंगा र मोहना नदीको नदीजन्य पदार्थ उत्खननको लागि गरिने वातावरणीय अध्ययन प्रतिवेदन सम्पन नभएकोले अर्को सूचना नहुन्जेल नदी क्षेत्रबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, सङ्कलन, ढुवानी तथा बिक्री वितरण नगर्न/नगराउन सर्वसाधारण, ठेकेदार, व्यवसायी तथा सम्बद्ध सबै सरोकारवालाहरूमा यो सूचनाद्वारा जानकारी गराइन्छ।

अधिकृत स्तर नवौं